ONE BILLION RISING
STRIKE I DANCE I RISE!

# प्रेस विज्ञप्ति

**उर्लंदो सय करोड**

**विरोध गरौं, नाचौं, उर्लौं ।**

**मिति : २०६९/६/५**

**उर्लंदो सय करोड** महिला र किशोरीमाथि हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय अभियान हो, जसको सुरुवात लेखक, अभिनेत्री र अभियन्ता इभ एन्सलर र उनको भि-डे नामक संस्थाले गरेको हो । यसले संसारभरिका महिला तथा किशोरीमाथि हुने हिंसाको विरुद्धमा आवाज उठाइरहेको छ । यस अभियानमा विश्वका १६० देशहरू आबद्ध भइसकेका छन् । सङ्गत, जो दक्षिण एसियाका महिलावादीहरूको सञ्जाल हो र यसका साझेदार सञ्जालहरूले यस अभियानलाई दक्षिण एसियामा समन्वय गर्दै फैलाइरहेका छन् ।

दक्षिण एसियाका सम्पूर्ण महिला आन्दोलनकर्मी वर्षौंदेखि महिला तथा किशोरीमाथि हुने विभिन्न खालका हिंसालाई समाप्त गर्न सङ्घर्ष गरिरहेका छौं, तथापि राष्ट्रसङ्घको तथ्याङ्कले जनाएअनुसार अझै पनि विश्वको एकतिहाई महिलाले आफ्नो जीवनकालमा कुटाइ अथवा बलात्कार भोग्नुपरिरहेको छ । यसर्थ विश्वका सय करोडभन्दा बढी महिलाहरू आज पनि हिंसाबाट प्रताडित छन् । हामी यसविरुद्धमा एक भएर उर्लन्छौं । उर्लंदो सय करोड अभियानको दक्षिण एसियाका संयोजक कमला भसिन भन्नुहुन्छ- ‘हामीलाई सबै प्रकारका हिंसाको अन्त्य गर्न सामाजिक भेलको जरुरी छ र उर्लंदो सय करोड अभियान त्यो भेल हो जसले घर र समाजमा भइरहेको महिलामाथिको हिंसालाई बगाउनेछ ।’

हामी असोज ७ गते (सेप्टेम्बर २३, २०१२) को दिन समाजमा महिलाविरुद्धका हिंसाको अन्त्य गर्न उर्लंदो सय करोडको अभियान नेपाल र दक्षिण एसियामा सुरु गर्न गइरहेका छौं । हामी संसारभरिका अभियानकर्ताहरूसित मिलेर हिंसालाई कम गर्न लडिरहेका छौं । सरकार र सबैजनालाई महिलाविरुद्धका हिंसा रोक्नका निम्ति आह्वान पनि  गर्दछौं । बंगालादेशमा **उर्लंदो सय करोड**को अभियान सेप्टेम्बर १३, २०१२ देखि सुरु भइसकेको छ । त्यसरी नै क्रमैसित दक्षिण एसियाको अरू देशहरूले पनि यो अभियान सुरु गर्नेछन् । सेप्टेम्बर २३, २०१२ का दिन दक्षिण एसियाका ८ वटा देश र बर्मा (म्यान्मार) बाट ५० जनाभन्दा बढी महिला, नेपालबाट २५ भन्दा धेरै नागरिक समाजका संघ सस्था र संगत (दक्षिण एसियाली  महिलावादीहरुको संजाल) गरी सबै क्षेत्रका अतिथिहरू यस अभियानमा काठमाडौंको Staff College Auditorium हलमा दिउसो २:३० बजे सहभागी हुनेछन् ।

यस कार्यक्रममा Meeto Memorial Award for young South Asian को घोषणा गर्दै शुरु हुने छ। जसले दक्षिण एसियाका युवाहरुको सामाजिक प्रतिबद्धतालाई सम्मान गर्दछ।

यो अभियान सबै महिला र किशोरीमाथि हुने हिंसाको विरोध गर्नेहरूको निम्ति हो र यो समावेशी पनि छ। यस अभियानमा हामी सप्तरंगी इन्द्रेणी रङमा देखिनेजस्तै धेरैजना समावेश हुनेछन् र यस अभियानका माध्यमबाट हामी सम्पूर्ण सरकारी ताथ गैरसरकारी संसघसंस्था महिला अधिकारकर्मी, मानव अधिकारकर्मी, पत्रकार, राजनीतिक दल, दलका नेताहरु शिक्षाक विद्यार्थीलगायतलाई आह्वान गर्दै सामूहिक रुपमा एकतावद्ध भएर हिंसालाई समाप्त पार्न लाग्नेछौँ। अभियानलाई सफल पार्न फेब्रुअरी १४, २०१३ का दिन सय करोड महिला तथा पुरुषहरू सडकमा बाहिर आएर विश्वभरिका अभियानकर्ताहरूसँग ऐक्यबद्ध भई विरोध गर्न, नाच्न र उर्लन हामी सबैलाई आमन्त्रण गर्दछौँ। उर्लंदो सय करोड अभियान यस्तो अभियान हो जसले विश्वका करोडौँ महिला तथा पुरुषलाई 'भो ! अब अति भो !!! हिंसा अन्त्य गरौँ' भन्ने नाराका साथ बाहिर ल्याउँछ। यस अभियानले नृत्य तथा विभिन्न सांस्कृतिक कार्यहरूको माध्यामद्वारा एकजुट गर्नेछ। त्यस दिन यस अभियानद्वारा संसारले हाम्रो सामूहिक शक्ति र सीमाहरू देख्नेछ।

हामी, हाम्रा आमाहरू, दिदीबहिनी, प्रियजनहरु र साथीभाइहरू, नाच्दै, बाहिर उर्लनेछौँ र हामी सम्पूर्णले भोग्नुपरेका अन्यायका विरुद्धमा चुनौती दिनेछौँ। यो एउटा महोत्सव हो। हामी सडकमा नाच्छौँ, आवाज उठाउँछौँ, कार्यालय र घरहरूबाट बाहिर निस्कनेछौँ, दैनिक कामहरूलाई छाडी यस अभियानमा एक भई उभिनेछौँ। हामी सम्पूर्ण हिंसाहरूको इन्कार गर्न यस्तो शक्तिशाली अभियानमा लाग्नेछौँ। हामी सबैलाई यो अभियानमा सामेल हुन आह्वान गर्दछौँ। प्रतिज्ञा गरौँ कि सब एक भई १४ फेब्रुअरी २०१३ का दिन सम्पूर्ण दैनिक कार्यहरूलाई पछि राखी हामी यस अभियानमा समाहित हुनेछौँ र महिला तथा किशोरीमाथि हुने हिंसा सदाका लागि अन्त्य गर्न एक भई विरोध गर्नेछौँ, नाच्नेछौँ र उर्लिनेछौँ।

*उर्लंदो सय करोडका नेपाल आयोजकमा :*

*अभियान, एक्सन एड नेपाल, कृतिका, गैसस महासङ्घ, टेवा, पद्मकन्या क्याम्पस, दिदीबहिनी, महिला तथा कानुन विकास मञ्च, महिला तथा बालबालिका सेल, मानव अधिकारका लागि महिला, राष्ट्रिय महिला आयोग, सङ्कल्प, सङ्गत, साथी, स्त्री शक्ति, सञ्चारिका समूह, ब्लू डाइमण्ड सोसाइटी, अक्सफाम, एबीसी नेपाल, महिला आधिकार मञ्च, एक्टिभिष्टा नेपाल, महिला एकता समाज, होमनेट नेपाल, मानव बिकास केन्द्र*

विस्तृत जानकारीका लागि -*www.onebillionrising.org*
*Like us on facebook: www.facebook.com/pages/One-Billion-Rising-Nepal*
*Twitter :http://twitter.com/OBRNepal*